मेलम्ची नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मेलम्ची, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल


पत्र संख्या: २०८०/०८१

चलानी नं:

मिति: २०८०/०९/०२

**नगर शिक्षण सिकाइ अनुदानमा शिक्षक नियुक्तिको लागि खुला प्रतियोगित्मक परीक्षाको विज्ञापन**

**पहिलो पटक प्रकाशित मिति: २०८०/०९/०२**

नगर शिक्षण सिकाइ अनुदानबाट व्ययभार हुने गरी देहायका विद्यालयहरूमा रिक्त तपसिल अनुसारको संख्या र विषयको करार शिक्षक नियुक्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूलाई दरखास्त पेश गर्नको लागि यो विज्ञापन प्रकाशित गरिएको छ ।

तपसिल

| क सं | विज्ञापन नम्बर | तह | विषय | संख्या | विद्यालय |
|---|---|---|---|---|---|
| १ | ००८/०८०/०८१ | साविक उमावि | भौतिक विज्ञान | १ | श्री तेर्से मावि मेनपा-६ |
| २ | ००९/०८०/०८१ | साविक उमावि | नेपाली | १ | श्री जनता मावि मेनपा-९ |

क) परीक्षाको किसिम: लिखित परीक्षा र अन्तरवार्ता

ख) दरखास्त दस्तुर: १५००/ (अक्षेररुपी रु एक हजार पाँचसय)
उक्त दस्तुर मेलम्ची नगरपालिकाको आन्तरिक राजश्व खाता १६८०३०००००१००१००००००१ (परीक्षा दस्तुर) राजस्व शीर्षक नम्बर ११२२४ मा जम्मा गरी जम्मा गरेको भौचर पेश गर्न सकिनेछ ।

ग) दरखास्त पेश गर्ने अन्तिम मिति: २०८०/०९/०८ गतेसम्म

घ) दरखास्त पेश गर्ने स्थान: मेलम्ची नगर कार्यपालिकाको कार्यालय (शिक्षा, युवा तथा खेलकुद शाखा) मेलम्ची, सिन्धुपाल्चोकमा आफै उपस्थित भई वा शिक्षा, युवा तथा खेलकुद शाखाको इमेल ठेगाना edumelamchimun@gmail.com मा आवश्यक कागजातको PDF फाइल वनाई पेश गर्न सकिने छ ।

ङ) उम्मेदवारको उमेर हद: दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।

च) तलव भत्ता: प्रचलित नियमानुसार ।

छ) पाठ्यक्रम: सामुदायिक उच्च माध्यमिक शिक्षक व्यवस्थापन निर्देशिका, २०७१ बमोजिम साविक शिक्षा विभागले सामुदायिक उच्च माध्यमिक शिक्षक पदको लागि स्वीकृत गरेको।

ज) आवश्यक शैक्षिक योग्यता: सम्वन्धित विषयमा कम्तिमा द्वितीय श्रेणीमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण

झ) उम्मेदवारले दरखास्त पेश गर्दा संलग्न गर्नुपर्ने कागजातहरू

- शैक्षिक योग्यताको प्रमाणपत्रहरूको प्रतिलिपि
- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि (भौतिक विज्ञान विषयको लागि अनिवार्य नभएको)
- हस्तलिखित निवेदन

ञ) लिखित परीक्षा सञ्चालन हुने मिति: दरखास्त पेश गर्ने मिति समाप्त भए पश्चात दरखास्त स्वीकृत भएका उम्मेदवारहरूको नामावली प्रकाशन गरी लिखित परीक्षा सञ्चालन सम्वन्धमा सूचना प्रकाशन गरिनेछ ।

ट) विज्ञापनमा उल्लेख नभएका अन्य विषयहरू प्रचलित कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।
(थप जानकारीको लागि शिक्षा अधिकृत श्री सुधिन राज बुढाथोकीको मोबाइल नम्बर ९८४९०००२३७ मा सम्पर्क गर्न सकिनेछ ।)

२०८०/९/२

निमेप मिश्र
प्रमुख प्रशासकीय अधिकृत

"मेलम्ची नगर सम्बृद्धिको आधार: कृषि, पर्यटन, उद्योग र जलाधार"


Contact: +977-011-401089, 011-401141, 011-401142 E-mail: info@melamchimun.gov.np Website: www.melamchimun.gov.np